कम्पनी दर्ता नं. ९८०५२/०६५/०६६

# समीट लघुवित्त वित्तीय संस्था लि.
# Summit Laghubitta Bittiya Sanstha Ltd.

Tel.: +977-011-665573
Email: banksummit@yahoo.com
Website: www.summitbank.com.np

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय: बनेपा नगरपालिका वडा नं. १०, काभ्रेपलाञ्चोक

को

## चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०२/०९

यस समीट लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८०/०२/०८ गते बसेको ३५ औं बैठकको निर्णय अनुसार संस्थाको चौधौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने निर्णय भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : २०८०/०२/३० गते, मंगलबार (१३ जुन, २०२३)**

**समय : बिहान १०:३० बजे ।**

**स्थान : अरनिको पार्टी प्यालेस, बनेपा, काभ्रेपलाञ्चोक**

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची :**

**क. साधारण प्रस्तावहरु :**

१. अध्यक्षज्यूको मन्तव्यसहितको आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदनसहितको २०७९ आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण एवम् लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको २०७९ आषाढ मसान्तसम्मको वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व. २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वोनस शेयरको कर प्रयोजनका लागि रु. ३५,२६,३१५।७९ (अक्षरेपी पैतिस लाख छब्बिस हजार तीन सय पन्ध्र रुपैयाँ उनासी पैसा मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/७९ को मूनाफा र गत वर्षसम्मको संचित मूनाफा रकमसमेतबाट संस्थाको चुक्ता पूँजी रु. ४९,४०,००,०००।०० (अक्षरेपी उनन्चास करोड चालिस लाख रुपैया मात्र) को १३.५६२७५३ प्रतिशतले हुन आउने रकम रु. ६,७०,००,०००।०० (अक्षरेपी छ करोड सत्तरी लाख मात्र) वोनस शेयर पारित गर्ने र वोनस शेयर जारी गर्दा संस्थाको जारी पूँजी र चुक्ता पूँजी बृद्धि हुने हुँदा सोही बमोजिम संस्थाको प्रबन्धपत्रको दफा ६ (ख) र ६ (ग) संशोधन गरी पूँजी बृद्धि गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२. संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालयको ठेगाना बनेपा नगरपालिका १०, काभ्रेपलाञ्चोक उल्लेख गरी प्रबन्धपत्रको दफा २ (१) र नियमावलीको नियम २ (१) मा संशोधन गर्ने सम्बन्धमा ।

३. समीट लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक र सर्वसाधारणको शेयर पूँजीको अनुपात ७० प्रतिशत र ३० प्रतिशत कायम गर्न नेपाल राष्ट्र बैंकबाट समेत निर्देशन भएको हुँदा आर्थिक वर्ष २०७८/७९ को वोनस शेयर वितरण पश्चात् कायम हुने संस्थापक र सर्वसाधारणको शेयर पूँजीको अनुपात मिलान गर्दा नपुग भएको सर्वसाधारण तर्फको८,५३,६६५ (आठ लाख त्रिपन्न हजार छ सय पैसट्ठी) कित्ता साधारण शेयर प्रिमियममा सम्बन्धित निकायबाट स्वीकृति लिई थप सार्वजनिक निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

४. संस्थाको अधिकृत पूँजी बृद्धि गरी रु. ७०,००,००,००० (सत्तरी करोड) पुऱ्याउने र सोही बमोजिम संस्थाको प्रवन्धपत्रमा शंसोधन गर्ने प्रस्ताव पारित गर्ने ।

५. समीट लघुवित्त वित्तीय संस्था लिमिटेड र नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने तथा गाभ्ने/गाभिने वा प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

६. प्रबन्धपत्र तथा नियमावलीको विभिन्न दफा तथा नियमहरुमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक थपघट, परिमार्जन तथा संशोधन गर्नका लागि निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७. समीट लघुवित्त वित्तीय संस्था लिमिटेड र नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा गरिएको समझदारीपत्र (Memorandom of Understanding), सहमतिपत्र, संयुक्त मर्जर समिति गठन एवं सञ्चालक समितिले संयुक्त मर्जर समितिलाई आवश्यक कार्य गर्न दिएको अख्तियारी प्रत्यायोजन, संयुक्त मर्जर समितिबाट भएका निर्णयहरु, खर्चहरु अनुमोदन गर्ने ।

८. समीट लघुवित्त वित्तीय संस्था लिमिटेड र नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि दुवै वित्तीय संस्थाको चल अचल सम्पत्ति, दायित्व तथा कारोबारको मूल्यांकन (Due Diligence Audit) गर्न संयुक्त मर्जर समितिबाट मूल्यांकनकर्ता एस. ए. आर. एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्सलाई गरेको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

**ग. विविध**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१. साधारण सभा प्रयोजनका लागि मिति २०८०/०२/१८ गतेदेखि साधारण सभा सम्पन्न नहुञ्जेलसम्मका लागि शेयर दाखिल खारेज किताब वन्द रहनेछ । नेपाल स्टक एक्सचेन्जमा मिति २०८०/०२/१७ गतेसम्म कारोबार भई ७ कार्य दिनभित्र नियम अनुसार यस संस्थाको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयर दर्ता किताबमा भएका शेयरधनीहरुले मात्र सभामा भाग लिन सक्नेछन् ।

२. साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो नागरिकताको सक्कल प्रति वा परिचय खुल्ने फोटो सहितको अन्य परिचयपत्र), शेयरधनी प्रमाणपत्रको प्रतिलिपि र सभाको सूचना साथ संलग्न प्रवेश पत्र अनिवार्य रुपमा लिइ आउनु हुन अनुरोध छ । अन्यथा सभा कक्षभित्र प्रवेश गर्न दिइने छैन ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थिति भई त्यहाँ रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । उपस्थिति पुस्तिका विहान १०:३० बजेदेखि सभा चालुरहेसम्म खुल्ला रहनेछ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले आफू जुन समूहको शेयरधनी हो सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रोक्सी दिन सक्नु हुनेछ । कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफू स्वयं उपस्थित भएमा त्यस्तो प्रोक्सी स्वतः रद्द भएको मानिनेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले संस्थाले तोकेको ढाँचाको प्रोक्सी फारम भरी सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै यस संस्थाको केन्द्रीय कार्यालयमा निवेदन दर्ता गराई सक्नुपर्नेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेको अवस्थामा शेयरधनी आफै सभामा उपस्थित भई उपस्थिति पुस्तिकामा दस्तखत गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै यस संस्थाको केन्द्रीय कार्यालय बनेपा नगरपालिका -१०, काभ्रेपलाञ्चोकमा लिखित जानकारी गराई सक्नुपर्नेछ ।

६. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण शेयरको प्रतिनिधि (प्रोक्सी) एक जना व्यक्तिलाई मात्र मुकरर गर्नु पर्नेछ । एक प्रतिनिधि (प्रोक्सी) फाराममा एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएमा त्यस्तो नियुक्ति बदर हुनेछ ।

७. नावालक वा असक्त/ विक्षिप्त शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नुहुनेछ ।

८. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको अध्यक्ष तथा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले मात्र जवाफ दिनु हुनेछ ।

९. शेयरधनीलाई संस्थाको सम्बन्धमा केही जिज्ञासा भए संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

१०. साधारण सभा सम्बन्धी अन्य जानकारीका लागि यस संस्थाको केन्द्रीय कार्यालय, बनेपा नगरपालिका- १०, काभ्रेपलाञ्चोकमा वा फोन नं. ०११- ६६५५७२, ६६५५७३ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ